

# अध्याय -११

# येशूलाई पक्रन्छन् र उहाँमाथि मुद्दा चलाउँछ

*यस अध्यायमा मुख्य पदहरू:* मर्कूस १४, यूहन्ना १२:४-६, रोमी ८:२८, प्रस्थान २४:८, यर्मिया ३१:३४-३४ र जकरिया १३:७।

**<u>*यस अध्यायको मूल सार पद:*</u> "अनि उहाँले भन्नुभयो, "अब्बा, पिता, तपाईंको निम्ति सबै कुरा सम्भव छ। यो कचौरा मबाट हटाइदिनुहोस्। तर पनि मैले इच्छा गरेजस्तो होइन, तपाईंले इच्छा गर्नुभएजस्तो होस्।" मर्कूस १४:३६।**

मर्कूस १४ देखि १६ का अध्यायहरूलाई "भावुक वर्णन" (पाशन नारेटिभ passion narrative) भनेर सम्बोधन गरिएको छ। यहाँ येशूका अन्तिम दिनहरूको बारेमा वर्णन गरिएको छ। येशूको वेदना, मृत्यु र पुनरुत्थानका विवरणहरू ती अध्यायहरूमा प्रस्तुत गरिएका छन्। मर्कूसका अन्तिम छ अध्यायहरू येशूका केवल एक हप्ताको समयलाई मात्र समेतिएको छ। मर्कूस १४-१६मा भएका घट्नाहरू बिहिबार र शुक्रबारमा घटेका थिए। यसलाई येशूका वेदना वा भावुक हप्ता भनिन्छ। येशूको मृत्यु शुक्रवार भएको थियो र आइतबार उहाँको पुनरुत्थान भएको थियो।

यस अध्यायमा मर्कूस १४लाई ध्यान दिनेछौं। यो पाचौं सैन्डविच वा एउटा कथा सुरु भएर अर्को कथा समावेश हुन्छ र फेरि त्यही कथालाई निरन्तरता दिन्छ। यसमा येशूको अन्तिम घडीमा भएका घट्नाहरू एक आपससँग मिलेको र विपरित प्रसङ्गहरू छन्। चेलाहरूसँग अन्तिम रमाइलो भोजन भएको थियो भने गेतसमनीमा उहाँको मानसिक, आत्मिक र शारीरिक

संघर्षमा गुज्रनु भएको थियो। त्यही बँगैचामा उहाँलाई पक्रिन्छ र धार्मिक परिषदमा धार्मिक अगुवाहरूले चलाएको मुद्दामा उहाँ सरिक हुन्छ। त्यही समयमा पत्रुसको कथा घुस्छ। उनले येशूलाई चिनेको छ भनेर अस्वीकार गर्छन्। यो मर्कूसको पुस्तकको अन्तिम सैन्डविच कथा हो। यहाँ पनि दुई विपरित प्रसङ्गहरू प्रस्तुत गरिएको छ। आफू मसीह हो भनेर बताउन धर्मगुरुहरूले येशूलाई गरेका केरकार र उहाँले मसीह हो भनेर स्वीकार र पत्रुसले उहाँलाई चिनेकै छैन भनेर गरेको जिकिर जुन एक आपसमा बाझिएतापनि एउटै घट्ना वा येशूको पक्षमा भएको समर्थन गर्दछ।

***मर्कूसले वर्णन गरेका बयानहरूमा बिपरित षडयन्त्रहरू हातेमालो गरेर अघि बढ्छन्। ती विपरित षडयन्त्रहरू मर्कूसले सारगर्भित रूपमा प्रस्तुत गर्दै येशूको विजयलाई पाठकको सामु प्रस्तुत गर्दछन्।***

## १. अविस्मर्नीय

**मर्कूस १४:१-११ पढ्नुहोस्। यहाँ के दुई कथाहरू गाँसिएका छन्। ती कथाहरू एक आपसमा किन अमिल्दो छ? हेर्नुहोस्, " १ यसको दुई दिनपछि निस्तार र अखमिरी रोटीको चाड थियो। मुख्य पूजाहारीहरू र शास्त्रीहरू उहाँलाई कसरी छलद्वारा पक्रेर मारौं भन्ने दाउमा थिए। २ किनभने तिनीहरूले भनेका थिए, "चाड्को बेलामा होइन, नत्रता मानिसहरूमा हूलदङ्गा मच्चिएला। ३ उहाँ बेथानियामा सिमोन कुष्ठरोगीको घरमा खान बस्नुहुँदा एउटी स्त्री विशुद्ध जटामसीको बहुमूल्य अत्तर सिङ्गमरमरको शीशीमा लिएर आई, र त्यो शीशी फुटाएर त्यो सुगन्धित जटामसीको अत्तर उहाँको शिरमा खन्याई। ४ तर कोही-कोहीले रीस गरेर आपसमा भन्न लागे, "यो सुगन्धित अत्तर किन यसरी नोक्सानी गरेको? ५ किनकि यो अत्तर तीन सय चाँदीका सिक्काभन्दा बढ़ीमा बिक्री गरेर गरीबहरूलाई त्यो पैसा दिन सकिन्थ्यो।" अनि तिनीहरूले त्यस स्त्रीलाई झपारे। ६ तर येशूले भन्नुभयो, "छोडिदेओ, किन तिमीहरू यिनलाई सताउँछौ? यिनले मप्रति असल काम गरेकी छे। ७ किनभने गरीबहरू त तिमीहरूसँग सधैं हुन्छन्, र इच्छा लागेको कुनै पनि समय तिमीहरू तिनीहरूको भलाइ गर्न सक्छौ। तर म त सधैं तिमीहरूका साथमा हुँदिनँ। ८ यस स्त्रीले जे गर्न सक्थी त्यही गरेकी छे। यिनले मेरो शरीरको दफनको निम्ति अघिबाटै सुगन्धित अत्तर घसेर तयार पारेकी छे। ९ साँच्चै, म तिमीहरूलाई भन्दछु, सारा संसारमा जहाँ-जहाँ यो सुसमाचार प्रचार गरिन्छ, यस स्त्रीले जे गरेकी छे यिनको सम्झनाको**

**लागि यो कार्यको वर्णन गरिनेछ।" १० तब बाह्र चेलाहरूमध्ये एक जना यहूदा इस्करियोतचाहिँ येशूलाई तिनीहरूका हातमा पक्राइदिनका निम्ति मुख्य पूजाहारीहरूकहाँ गयो। ११ तिनीहरू यो सुनेर खुशी भए, र त्यसलाई पैसा दिने कबूल गरे। अनि उहाँलाई कसरी पक्राऊँ भनी त्यसले अनुकूल मौका खोज्न लाग्यो।"**

निस्तार चाड दुई दिन मात्रै बाँकि थियो भनेर मर्कूस १४:१ले आभास दिन्छ। यो भेटघाट शायद मङ्गलबार राती वा त्यस हप्ताको बुधवारमा भएको हुन सक्छ। धार्मिक अगुवाहरूले येशूको खिलाफमा जाने षडयन्त्र तिनीहरूको आफ्नै समय मिलाएर रचेका थिए। तिनीहरूले तिनीहरूको लक्ष पूरा गर्न मात्रै थियो। तर तिनीहरूले नसोचेको ठाउँबाट त्यो लक्ष पूरा हुने थियो।

यो कथा मर्कूसको पुस्तकको पाँचौ सैन्डिवच कथा हो। येशूको हत्या गर्न षडयन्त्र रचिरहेकै बेलाम एक जना स्त्रीले येशूका शिरमा बहुमूल्य र महङ्गो अत्तरले अभिषेक गर्दछन्। धर्मगुरुहरूले येशूलाई मार्नै लागेको बेलामा एक जना स्त्रीले उहाँलाई अति सम्मान गरेर उहाँको शिर र पाऊहरू धुन्छिन्। स्त्रीकी काम येशू प्रति धर्मगुरुहरूको विश्वास बाझिएको थियो। यो भिन्नता हास्यस्पद नै मान्नुपर्दछ।

यही को स्त्री भनेर मर्कूसले पहिचान गरेका छैनन्। येशूलाई त्यस स्त्रीले दिएकी अचम्मको उपहार यहूदाले बेइमान गरेर आफ्नो प्रभु प्रति गद्दारी गरेको बिरित छ। यस स्त्री त अनामिका हुन्। तर यहूदालाई बाऱ्ह जना चेलाहरूमा नामै तोकेर चिनाएको थियो। त्यस स्त्रीको उपहार बहुमूल्य भनेर लेखिएको छ भने यहूदाले पाउने पैसा त्यसबेला केवल धर्मगुरुहरूले गरेको बाचा मात्र थियो।

त्यस स्त्रीले येशूका शिर र पाऊहरू किन धोइन् भन्ने कारण खुलाइएको छैन। तर भोजमा सरिक भएका पाहुनाहरूले उनको काम प्रति चकित भएर आपत्ति पनि जनाएका थिए। उनले बेकारमा येशूमाथि पैसा खर्च गरेको भनेर तिनीहरूले सोचेका थिए। उनले खन्याएको अत्तरको मोल कमसेकम एक वर्षभरि आर्जन गर्ने तलब बराबर थियो। येशूको निम्ति त्यत्रो पैसालाई उनले बर्वाद गरेकी थिइन् भनेर सबैले आपत्ति जनाएका थिए। त्यस आपत्ति जनाउनेमा विशेष गरेर येशूलाई धोका दिने यहूदा थियो। तर, येशूले त्यस स्त्रीको पक्षमा बोल्नुभएर उनले जे गरिन् उहाँले त्यसको मुक्तकंठले सराहना व्यक्त गर्नुभएको थियो। त्यति मात्र नभएर जहाँ जहाँ येशूको बारेमा

सुसमाचर सुनाइन्छ त्यहाँ त्यहाँ त्यस स्त्रीको काम पनि सुनाउनु पर्छ भनेर उहाँले आदेश दिनुभएको थियो। उहाँको कामले उनी चिरस्मरणीय हुन्छ भनेर उहाँले भन्नुभएको थियो। हो, त्यसबेला अचानक देखा परेर अनामिका स्त्री रुँदै येशूका शिर र पाऊहरू धोएको कसले बिर्सिन सक्छ र? यो कथा चारै सुसमाचारका पुस्तकहरूमा कुनै न कुनै तरिकाले उल्लेख गरिएको छ। उनको काम स्मरणीय होस् भन्ने येशूको आज्ञाले गर्दा नै त्यसलाई ती सुसमाचारका पुस्तकहरूमा उल्लेख गरिएको हुनुपर्छ। यूहन्नाको सुसमाचारमा अझ त्यस कामलाई स्पष्ट रूपमा वर्णन गरिएको छ (यूहन्ना १२:४-६)।

मर्कूसले "असल" भन्ने शब्दसँग खेलेको देखिन्छ। त्यसको अर्थ दुई किसिम वा कथाहरूले चित्रण गरेर त्यस शब्दको आशयलाई व्यक्त गरेको पाइन्छ। त्यस स्त्रीको काम सुन्दर वा असल भनेर येशूले व्यक्त गर्नुभएको मर्कूस १४:६मा उल्लेख गरिएको छ। गरिबको निम्ति तिमीहरूले जहिले पनि "असल वा भलो" गर्न सक्छौं येशूले भन्नुभएको मर्कूस १४:७मा छ। उनको काम सुसमाचारको एक भाग हो भनेर मर्कूस १४:९मा लेखिएको छ। यहूदाले येशूलाई धोका दिन "असल वा अनुकूल" मौका खोजेको थियो भनेर मर्कूस १४:११मा लेखिएको छ। "असल" भन्ने शब्दको खेलमा धर्मगुरुहरूले मसीहलाई नाश गर्ने षडयन्त्र असलै भएको देखिन्छ किनकि मानिसको मुक्तिको निम्ति परमेश्वरले आफ्नो पुत्र अर्पण गर्नुभएको कथा सुसमाचारको भाग नै भएको थियो। यसले मानिस धर्मी, असल होस् ताकि उसले परमेश्वरको इच्छा पूरा गरेर उसले असल फल फलाओस् भन्ने आभास दिएको छ।

***यहाँ के भइरहेको छ रोमी ८:२८ले कसरी बुझाउन खोजिएको छ? हेर्नुहोस्, " हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले असल वा भलाइ नै गर्नुहुन्छ।"***

## २. चेलाहरूसँग अन्तिम भोज वा प्रभुभोज

**मर्कूस १४:२२-३१ र प्रस्थान २४:८ पढ्नुहोस्। इसाई आस्थामा यहाँ लेखिएको विवरण किन अत्यन्तै महत्त्वपूर्ण र अर्थपूर्ण छ? हेर्नुहोस्: "१३ अनि उहाँले आफ्ना चेलाहरूमध्ये दुई जनालाई यसो भनेर पठाउनुभयो, "सहरमा जाओ, र गाग्रोमा पानी बोकेर लैजाने एक जना मानिसले तिमीहरूलाई भेट्नेछ। उसको पछि लाग। १४ त्यो मानिस जहाँ पस्ला त्यस घरका मालिकलाई भन, 'गुरुज्यू भन्नुहुन्छ, मेरा चेलाहरूसँग निस्तारको भोज खाने मेरो पाहुना कोठा**

कहाँ छ?' १५ अनि तिनले तिमीहरूलाई सजिसजाउ गरेर तयार पारिएको माथिल्लो तलाको एउटा ठूलो कोठा देखाउनेछन्, र त्यहीं तिमीहरूले हाम्रा निम्ति भोज तयार गर।" १६ तब ती चेलाहरू गए, र सहरमा पसे, अनि उहाँले तिनीहरूलाई भन्नुभएजस्तै भेट्टाए, र तिनीहरूले निस्तार-चाड़को भोज तयार गरे। १७ साँझ हुँदा उहाँ बाह्रै जनासँग आउनुभयो। १८ उहाँहरू ढल्केर खानुहुँदैगर्दा येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूमध्ये मसँग खाने एक जनाले मलाई धोका दिनेछ।" १९ तिनीहरू दुःखित भए, अनि पालैपालो उहाँलाई "के त्यो म हुँ?" भनी सोध्न लागे। २० उहाँले तिनीहरूलाई भन्नुभयो, "बाह्रैमध्ये एक जना, जसले मसँग थालमा रोटी चोपिरहेछ। २१ किनकि मानिसको पुत्रलाई उसको विषयमा लेखिएबमोजिम हुन्छ, तर धिक्कार त्यस व्यक्तिलाई जसद्वारा मानिसको पुत्रलाई धोका हुन्छ। त्यस मान्छेको त जन्मै नभएको भए असल हुनेथियो।" २२ अनि खाइरहनुहुँदा येशूले रोटी लिनुभयो, आशीर्वाद दिनुभयो र भाँच्नुभयो र तिनीहरूलाई दिँदै भन्नुभयो, "लेओ, यो मेरो शरीर हो।" २३ अनि कचौरा लिएर धन्यवाद दिनुभएपछि उहाँले तिनीहरूलाई दिनुभयो, र तिनीहरू सबैले त्यसबाट पिए। २४ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, "यो नयाँ करारको मेरो रगत हो, जो धेरैका निम्ति बगाइन्छ। २५ साँच्चै, म तिमीहरूलाई भन्दछु, म दाखको रसबाट त्यस दिनसम्म पिउनेछैनँ, जहिलेसम्म परमेश्वरको राज्यमा त्यो नयाँ गरी पिउँदिनँ।" २६ अनि एउटा भजन गाएर उहाँहरू निस्केर जैतून डाँड़ातिर जानुभयो। २७ येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू सबै पछि हटिजानेछौ, किनकि यस्तो लेखिएको छ, 'म गोठालालाई प्रहार गर्नेछु, र भेड़ाहरू तितरबितर हुनेछन्।' २८ तर म जीवित भई उठेपछि म तिमीहरूभन्दा पहिले गालीलमा जानेछु।" २९ पत्रुसले उहाँलाई भने, "सबै जना पछि हटे तापनि मचाहिँ हट्नेछैनँ।" ३० तब येशूले तिनलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, आजकै राती भाले दुई पल्ट बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।" ३१ तर तिनले झन् जोड दिएर भने, "तपाईंसँग म मर्नैपरे तापनि म तपाईंलाई इन्कार गर्नेछैनँ।" अनि तिनीहरू सबैले त्यसै भने।" मर्कूस १४:१३-३१ र "तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र भने, "हेर, यो त्यस करारको रगत हो, जो परमप्रभुले आफ्ना यी सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ।" प्रस्थान २४:८।

यो समय अखमिरी रोटी वा निस्तार चाडको समय हो भनेर मर्कूस १४:१२मा लेखिएको छ।निस्तार चाडमा पाठोलाई बलि दिइन्थ्यो। येशूले आफ्ना चेलाहरूसँग गर्न लाग्नुभएको भोजन बिहिबार बेलुका थियो।

प्रभु भोज वा अन्तिम खानामा येशूले स्मारकको रूपमा प्रभुभोजको स्थापना गर्नुभएको थियो। यो रितीले यहूदीहरूले मनाउने निस्तार चाड अब खारेज भयो भन्ने जनाएको थियो। इस्राएलीहरू मिश्र देश छाडेपछि तिनीहरू परमेश्वरका करारको जनहरू भएका थिए भनेर सिनैमा घोषणा गरिएको थियो। त्यो करारलाई अनुमोदन गर्न वा लाहा छाप लगाउन मोशाले बलि चढाएको रगतले इस्राएलीहरूलाई छर्केका थिए भनेर प्रस्थान २४:८मा यसरी लेखिएको छः"**तब मोशाले रगत लिएर मानिसहरूमाथि छर्के, र भने, "हेर, यो त्यस करारको रगत हो, जो परमप्रभुले आफ्ना यी सबै वचनअनुसार तिमीहरूसित बाँध्नुभएको छ।"**

प्रभु भोज स्थापना भएको समयमा येशूले निस्तार चाडको सम्झनामा पाठोको रगत प्रयोग नगर्नुभएको उल्लेखनीय मान्नुपर्छ। येशू आफै परमेश्वरको पाठो हुनुभएकोले (यूहन्ना १:२९) पशुको रगतको आवश्यकता थिएन। प्रभु भोजमा प्रयोग गरिएको रोटीले उहाँको शरीरलाई प्रतिनिधित्व गर्दछ। यो नयाँ करार (यर्मिया ३१:३१-३४) येशूको रगतले अनुमोदन वा लाल मोहर लगाइएको थियो। कप वा दाखको रसले उहाँको रगतको प्रतिनिधित्व गर्दछ। उहाँले यो भन्नुभयो, "यो मेरो करारको रगत हो, जुन धेरैको निम्ति खन्याइएको छ" (मर्कूस १४:२४)।

आफ्ना चेलाहरू उहाँलाई छोडेर तितरबितर हुनेछ भनेर उहाँले यसै समयमा भविष्यवाणी गर्नुभएको थियो। गोठालालाई हिर्काएर उसका भेडाहरू तितरबितर हुनेछ भनेर जकरिया १३:७मा भविष्यवाणी गरिएको छ। यो खबर चेलाहरूको निम्ति अत्यन्तै उदास र उराथ लाग्दो खबर थियो। तर येशूले आशाको वचन थप्नुहुन्छ।ऽ आफ्नो पुनरुत्थानको बारेमा उहाँले घोषणा गर्नुहुन्छ। चेलाहरूलाई भेट्न गलिलमा उहाँ जानुहुनेछ भनेर पनि थप्नुभएको थियो। येशूको चिहानमा स्वर्गदूतले त्यही भविष्यवाणीलाई सम्बोधन गरेका थिए भनेर मर्कूस १६:७मा लेखिएको छ। यो सम्बोधन विशेष अर्थपूर्ण छ।

येशूले व्यक्त गर्नुभएका ती सबै भावनाहरू चेलाहरूलाई स्वीकार्न धेरै गाऱ्हो थियो, विशेष गरेर पत्रुसले त पचाउनै सकेन। येशूलाई सबैले छोडेर गए पनि आफूले कहिल्यै पनि नछोड्ने भनेर जिकिर गरेका थिए। तर, येशूले गम्भीर भएर पत्रुसको बारेमा भविष्यवाणी येशूले गर्नुहुन्छ। दुई पटक भाले

बास्नु भन्दा अघि उनले उहाँलाई तीनपटक अस्वीकार गर्नेछ भनेर ठोकुवा गर्नुभएको थियो। येशूलाई गरेको कष्टकर व्यवहारमा भविष्यवाणीहरूले निर्णायक भूमिका खेल्ने थियो र पत्रुसको अस्वीकारले पनि निर्णायक भूमिका खेल्दछ।

*कतिपय समयमा तपाईंले यो गर्ने त्यो नगर्ने भनेर परमेश्वरको अगाडि बाचा बाँध्नुहुन्छ तर त्यो बाचमा तपाईं कतिपटक चुक्नुभएको होला। के तपाईंलाई थाहा छ?*

## ३. गेतसमनेमा वेदना

मर्कूस १४:३२-४२ पढ्नुहोस्। गेतसमनीमा येशूले परमेश्वर पितासँग के विन्तिभाउ गर्नुभएको थियो र उहाँले गर्नुभएको प्रार्थनालाई कसरी उत्तर दिएको थियो? हेर्नुहोस्, " ३२ त्यसपछि उहाँहरू गेतसमनी नाउँ भएको ठाउँमा जानुभयो, र उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "मैले प्रार्थना गरुञ्जेल तिमीहरू यहीं बस।" ३३ तब उहाँले पत्रुस, याकूब र यूहन्नालाई साथमा लैजानुभयो, र उहाँ अत्यन्तै विचलित र ज्यादै खिन्न हुन लाग्नुभयो। ३४ उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो आत्मा मृत्युसम्मै शोकले व्याकुल भएको छ। तिमीहरू यहीं बस, र जागा रहो।" ३५ अनि अलि पर गएर उहाँ भूइँमा घोप्टिनुभयो, र हुन सक्छ भने त्यो घड़ी उहाँबाट टलोस् भनी प्रार्थना गर्नुभयो। ३६ अनि उहाँले भन्नुभयो, "अब्बा, पिता, तपाईंको निम्ति सबै कुरा सम्भव छ। यो कचौरा मबाट हटाइदिनुहोस्। तर पनि मैले इच्छा गरेजस्तो होइन, तपाईंले इच्छा गर्नुभएजस्तो होस्।" ३७ उहाँ फेरि आउनुहुँदा तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो। उहाँले पत्रुसलाई भन्नुभयो, "सिमोन, के तिमी निदाइरहेछौ? के एक घण्टा पनि जागा बस्न सकेनौ? ३८ जागा रहो, अनि प्रार्थना गर, र तिमीहरू परीक्षामा नपर। आत्मा त साँच्चै तयार छ, तर शरीर दुर्बल छ।" ३९ फेरि गएर उहाँले दोहोर्‍याएर त्यही प्रार्थना गर्नुभयो। ४० फेरि आएर उहाँले तिनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो, किनभने तिनीहरूका आँखा निद्राले साह्रै लट्ठिएका थिए, र उहाँलाई के जवाफ दिने हो, सो जानेनन्। ४१ उहाँ तेस्रो पल्ट आउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू अझै निदाउँदैछौ र आराम गरिरहेका छौ? अब भयो, बेला आइपुग्यो। हेर, मानिसको पुत्र पापीहरूका हातमा पक्राउ पर्न लागेको छ। ४२ उठ, जाऔं। हेर, मलाई विश्वासघात गर्ने नजिकै छ।"

पर्खालले घेरिएको यरुशलेम सहर निस्तार चाडको भोजन खाएपछि येशू र उहाँका चेलाहरू छोड्छन्। उहाँहरू किड्रोन उपत्यकाबाट जैतुनको पहाडको भिरमा भएको बगैंचामा पस्छन्। त्यस बगैंचाको नाउँ हो गेतसमनी। यसको अर्थ तेल पेल्नु हो। त्यहाँ जैतुनको तेल त्यस इलाकामा पेलिन्थ्यो। तर ठिक स्थान त थाहा छैन किनकि रोमले यरुशलेम कब्जा गर्दा त्यहाँका सबै रूखहरू सिपाहीँहरू काटेका थिए। यो सन ७० को घट्ना थियो।

जब बगैंचामा येशू प्रवेश गर्नुहुन्छ तब उहाँका सबै चेलाहरूलाई बाहिर नै छोड्नुहुन्छ तर पत्रुस, याकूब र यूहन्नालाई आफूसाथ लानुहुन्छ। तिनीहरूलाई पनि एक ठाउँमा छोडेर उहाँ अलिकति परमेश्वर जानुहुन्छ। चेलाहरूलाई यसरी आफूबाट टाढा राख्नुको कारण आउने यातना आफू एक्लैले सहनुपर्ने वाध्य भएको उहाँले महसुस गर्नुभएको थियो।

आफूले पिउनु पर्ने कष्टको कचौरा हटियोस् भनेर येशूले प्रार्थना गर्नुहुन्छ। तर त्यो केवल परमेश्वरको इच्छामा मात्र होस् भनेर उहाँले आफूलाई सुम्पिनुभएको थियो (मर्कूस १४:३६)। उहाँले आफ्नो पितालाई पिता भनेर सम्बोधन गर्नुहुन्छ भनेर मर्कूसले अनुवाद गर्दछन्। यो हिब्रू भाषाको *आब्बा Abba* यो चलन चल्तीको साधारण डाडी भनेर सम्बोधन गरिएको होइन जुन कतिपयले अनुवाद गर्दछन्। तर बच्चाले आफ्नो पितालाई स्नेह पूर्वक "बुवा" भनेर सम्बोधन गरेको येशूले प्रयोग गर्नुभएको थियो (रमन्ड इ. ब्राउन, *द डेथ अभ द मसीह,* आन्कार बाइबल रिफरेन्स, न्यु योर्क, डबलडे, १९९४, ठेली १, पृ. १७२, १७३। तैपनि आब्बा, पिता वा बुबा भन्ने शब्दले आफ्नो परिवारसँग कस्तो नजिक सम्बन्ध भएको थियो भनेर देखाउँछ। यसलाई हामीले न्युनिकरण गर्नुहुन्न।

आफूले पिउने यातना, वेदना वा कष्टको कचौरा हटाइयोस् भनेर येशूले प्रार्थना गर्नुहुन्छ। तर परमेश्वरकै इच्छा अनुसार होस् भनेर आफूलाई समर्पण गर्नुहुन्छ (प्रभुले हामीलाई सिकाउनुभएको प्रार्थनामा पनि यो भावना व्यक्त गरिएको छ, मत्ती ६:१०)। उहाँले पाइरहनुहुने वेदना वा पीडाको अवधिभरि येशूको प्रार्थनालाई परमेश्वरले "अहँ" भन्नुभएको हामी पाउँछौं। उहाँले पीडाको कप हटाउनुहुनेछैन, किनभने त्यही अनुभवबाट संसारको निम्ति मुक्ति प्रदान गरिएको थियो।

जब तपाईंले कठिन वा पीडादायी परिस्थितिमा गुज्रनु हुन्छ तब आफ्नो साथमा साथीहरू हुन उत्साहप्रद हुन्छ। फिलिप्पी ४:१३मा परमेश्वरले बल

दिनुभएको अनुसार उनले सबै थोक गर्ने प्रतिवद्धता पावलले जनाउँछन्। तर धेरैले फिलिप्पी ४:१४लाई पढ्न बेवास्ता गर्छन्, जहाँ पावलले "तापनि" भनेका छन्। यसरी पढिन्छः यद्यपि मेरा पीडामा तपाईं सहभागीहुनु सराहनीय छ।"

*यही भावना गेतसमनेमा येशूले चाहनुभएको थियो। उहाँले आफ्ना चेलाहरूबाट उत्साह पाउन तीन पल्ट प्रयास गर्नुभएको थियो। तर तीनै पल्ट तिनीहरू सुतिरहेका थिए। आखिरमा मुद्दाको सामना गर्न उहाँले तिनीहरूलाई उठाउनुहुन्छ। उहाँ त तयार थिए तर तिनीहरू तयार थिएनन्।*

## ४. येशूलाई छोडेर सबै भागाभाग हुन्छन्

**मर्कूस १४:४३-५२ पढ्नुहोस्। मुक्तिको योजनाको निर्णायक घडीमा यहाँ के भइरहेको छ? हेर्नुहोस्, " ४३ येशू बोल्दैहुनुहुँदा बाह्रै चेलाहरूमध्येको एक जना यहूदा अचानक त्यहाँ देखा पऱ्यो। मुख्य पूजाहारीहरू, शास्त्रीहरू र धर्म-गुरुहरूले पठाएको एक दल तरवार र लाठो लिएर त्यससँग त्यहाँ आयो। ४४ उहाँलाई विश्वासघात गर्नेले तिनीहरूलाई यस्तो एउटा सङ्केत दिएको थियो, "जसलाई म म्वाइँ खाउँला त्यो व्यक्ति तिनै हुन्, तिनलाई पक्र र पहरा दिएर लैजाओ।" ४५ अनि सोझै येशूकहाँ गएर यहूदाले भन्यो, "हे रब्बी," र उहाँलाई म्वाइँ खायो। ४६ तब तिनीहरूले येशूलाई समाते र गिरफ्तार गरे। ४७ त्यहाँ नजिक उभिनेहरूमध्ये कुनै एउटाले तरवार थुतेर प्रधान पूजाहारीको कमारालाई प्रहार गऱ्यो, र त्यसको कान च्वाट्ट काटिदियो। ४८ येशूले तिनीहरूलाई भन्नुभयो, "के तिमीहरू एउटा डाँकूलाई जस्तै तरवार र लौरासमेत लिएर मलाई पक्रन आएका छौ? ४९ दिनदिन मन्दिरमा सिकाउँदै म तिमीहरूसँग थिएँ, र तिमीहरूले मलाई गिरफ्तार गरेनौ। तर धर्मशास्त्र पूरा होस्।" ५० अनि सबै चेलाहरू उहाँलाई त्यागेर भागे। ५१ आफ्नो शरीरलाई एउटा सूती कपड़ाले मात्र बेह्रेको एक जना जवान उहाँको पछि लाग्यो। तिनीहरूले त्यस जवानलाई समाते, ५२ तर कपड़ा छोड़ेर त्यो नाङ्गै भाग्यो।"**

येशूका एकदम नजिकका साथीहरूमा एक जनाले उहाँका शत्रुहरूहरूको हातमा गद्दारी गरेको वा बेचेको कुरा सबैलाई स्तब्ध पार्दछ। यहूदाको आशयको बारेमा विस्तृरूपमा सुसमाचारका पुस्तकहरूले दिएका छैनन्। तर एलेन जी. ह्वाइटले यसरी लेख्नुहुन्छः "स्वाभाविकै रूपमा यहूदाको पैसा प्रति अत्यन्तै मोह थियो; तर पैसाको निम्ति येशूलाई धोका दिने भन्ने मनस्थितिमा ऊ जहिले पनि त थिएन। तर उसमा भएको लोभको भावनालाई

मनमा पोषाइ राख्दा पछि गएर यसले नै उसको जीवनलाई बशमा राख्न दिएको थियो। पैसा वा धन कमाउने मायामा फस्दा येशू प्रतिको प्रेममा ऊ असंतुलन हुन पुगेको थियो। एउटा दुष्ट प्रवृत्ति मिजासमा यहूदा लाग्दा ऊ सैतानको दास हुन पुग्यो। यस प्रवृत्तिलाई पोषाएकोले जतिसुकै पाप गर्न उसलाई अग्रसर गराएको थियो।" *द डिजाएर अभ एजेज,* पृ. ७१६।

धोका दिने प्रवृत्ति सबैको निम्ति निन्दनीय छ। धोकवाजलाई प्रयोग गर्नेहरूको निम्ति पनि घटिया व्यवहार भनेर सोचेका हुन्छन् (मत्ती २७:३-७)। तर यहूदाको चर्तिकला अत्यन्तै घृणित, आपत्तिजनक र बेइमान थियो किनकि ऊ साथीको खोल लगाएर आफ्नो स्वभावलाई लुकाएको थियो। उसले ल्याएको हुललाई उसले यो निर्देशन दिन्छ कि जसलाई उसले म्वाइ खान्छ उसैलाई नै समात्नु। उसले आफ्नो बेइमानीलाई येशू र अरू चेलाहरूबाट लुकाएको देखिन्छ।

जब येशूलाई पक्रिन्छ तब त्यहाँ हुलदङ्गा हुन्छ। कसैले आफ्नो तरवार लिन्छ (यूहन्ना १८:१०,११मा पत्रुसले भन्छ) र मूल पुजारीको नोकरको कान उसले च्वाट्टै काट्दछ। आफूलाई किन गोप्य रूपमा पक्रेको भनेर येशूले भीडलाई सम्बोधन गर्नुहुन्छ। जब उहाँले मन्दिरमा शिक्षा दिइरहेको बेलामा तिनीहरूले उहाँलाई खुला रूप पक्रिन आँट गरेनन् भनेर उहाँले तिनीहरूलाई हप्काउनुहुन्छ। तर आफ्नो भनाइ धर्मशास्त्रबाटै उतारेर अन्त्य गर्नुहुन्छ। येशूको वेदनाको यात्रामा दुई योजनाहरू पूरा भइरहेको यसले देखाइएको छ। मसीहलाई नाश गर्ने मानिसहरूको चाहनासँग परमेश्वरको योजना पूरा भइरहेको थियो।

चेलाहरू भागभाग हुन्छन्। पत्रुस पनि भाग्छन् तर उनी टाढाबाट येशूलाई पछ्याइरहेको देखिन्छ तर आफूलाई केही समस्या नआऊन् भन्ने उनको चाहना थियो। तर मर्कूस १४:५१,५२ मा एक जना युवक येशूलाई पछ्याएको थियो भनेर उल्लेख गरिएको छ। यो विवरण सुसमाचारको अरू कुनै पनि पुस्तकहरूमा लेखिएको छैन। कसैले मर्कूस आफै हुन् भनेर अनुमान गर्छन् तर त्यसलाई प्रमाणित गर्न सक्दैन। तर अचम्म त के छ भने त्यो युवक नाङ्गै भाग्छ। येशूलाई पछ्याउन सबै थोक उहाँलाई सुम्पिनुको सट्टा उसले आफूसँग भएको सबै थोक छोडेर भाग्छ।

***केवल एउटै दुष्ट नियतलाई दिमागमा खेलाइरहँदा यहूदा त्यसको दास हुन पुगेको कुरा तर्साउने कुरालाई सोच्नुहोस्। पापलाई घृणा गरेर परमेश्वरको अनुग्रहले त्यसलाई वशमा राख्नुपर्छ भन्ने धारणलाई हामीले कसरी महसुस गर्नुपर्छ?***

## ५. तिमी को हौ?

मर्कूस १४:६०-७२ पढ्नुहोस्। पत्रुसले जवाफ दिएको विपरित येशूको जवाफ कस्तो थियो सो तुलना गर्नुहोस्। यस भिन्नताबाट हामीले के पाठहरू सिक्न सक्छौं? हेर्नुहोस्: " ५३ तब तिनीहरूले येशूलाई प्रधान पूजाहारीकहाँ लगे, र त्यहाँ सबै मुख्य पूजाहारीहरू, धर्म-गुरुहरू र शास्त्रीहरू जम्मा भएका थिए। ५४ पत्रुसचाहिँ टाढैबाट प्रधान पूजाहारीको आँगनभित्र उहाँको पछिपछि लागे, अनि त्यहाँ सिपाहीहरूसँग बसेर तिनी आगो ताप्न लागे। ५५ अब मुख्य पूजाहारी र जम्मै महासभाले येशूलाई मार्नको निम्ति उहाँको विरुद्धमा गवाही खोजे, तर केही पाएनन्। ५६ धेरैले उहाँको विरुद्धमा झूटो गवाही दिए। तर तिनीहरूले दिएको गवाहीले मेल खाएन। ५७ कसै-कसैले उठेर उहाँको विरुद्धमा यसो भन्दै गवाही दिए, ५८ "यसले यसो भनेको हामीले सुन्यौं, 'मानिसको हातले बनाएको यो मन्दिर म भत्काउनेछु, र हातैविना बनाइएको अर्को मन्दिर म तीन दिनमा निर्माण गर्नेछु'।" ५९ तर यसमा पनि तिनीहरूको गवाही एकै मतको थिएन। ६० तब प्रधान पूजाहारीले बीचमा खड़ा भएर येशूलाई सोधे, "के तैँसँग केही जवाफ छैन? यी मानिसहरूले तेरो विरुद्धमा गवाही दिएको के हो?" ६१ तर येशू चूप लाग्नुभयो, र केही जवाफ दिनुभएन। फेरि प्रधान पूजाहारीले उहाँलाई सोधे, "के तँ परमधन्यको पुत्र ख्रीष्ट होस्?" ६२ येशूले भन्नुभयो, "म हुँ, अनि तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने बाहुलीतर्फ बसिरहेको र आकाशका बादलहरूका साथमा आइरहेको देख्नुहुनेछ।" ६३ तब प्रधान पूजाहारीले आफ्नो वस्त्र च्यातेर भने, "हामीलाई अरू साक्षीहरूको के दरकार पर्‍यो र? ६४ तिमीहरूले ईश्वर-निन्दा त सुनिहाल्यौ। तिमीहरूको के विचार छ?" अनि तिनीहरू सबैले उहाँलाई मृत्युदण्डको योग्य ठहराए। ६५ अनि कोही-कोहीले उहाँलाई थुक्न लागे, र उहाँको मुख छोपेर उहाँलाई थप्पड़ हानेर भने, "अगमवाणी बोल्।" त्यसपछि पहरादारले उहाँलाई आफ्नो जिम्मामा लिए, र उहाँलाई मुक्का हाने। ६६ पत्रुस तल आँगनमा हुँदा प्रधान पूजाहारीका नोकर्नीहरूमध्ये एक जना त्यहाँ आई, ६७ र पत्रुसलाई आगो तापिरहेका देखेर तिनलाई नियालेर हेरी भनी, "तिमी पनि येशू नासरीसँग थियौ।" ६८ तर तिनले यसो भन्दै इन्कार गरे, "तिमीले के भनेकी त्यो न जान्दछु न बुझ्दछु।" अनि तिनी बाहिरको मूल ढोकातिर गए। अनि भाले बास्यो। ६९ नोकर्नीले उभिनेहरूसँग फेरि भन्न लागी, "यिनी त तिनीहरूमध्येका एक हुन्।" ७० तर पत्रुसले फेरि इन्कार गरे। तर केही बेरपछि वरपर उभिनेहरूले फेरि पत्रुसलाई भने, "पक्कै, तिमी तिनीहरूमध्येका एक हौ, किनकि तिमी गालीली हौ।" ७१ तर तिनले आफूलाई धिक्कार्दै किरिया खाएर भन्न लागे, "जसको विषयमा

**तिमीहरू भन्छौ त्यस मानिसलाई म चिन्दिनँ।" ७२ अनि तुरुन्तै दोस्रो पल्ट भाले बास्यो, र पत्रुसलाई येशूले यसो भन्नुभएको कुरा सम्झना भयो, "भाले दुई पल्ट बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ।" अनि त्यस कुरालाई सम्झेर तिनी धुरुधुरु रोए।"**

सानहिड्रन धार्मिक सभासदमा पहिलो मुद्धा चलाउन येशूलाई ल्याएका थिए भनेर मर्कूस १४:५३-५९ मा लेखिएको छ। येशूमाथि लागेको आरोपबाट केही जवाफ नपाउँदा उहाँलाई केरकार गर्नेहरूलाई दिक्क बनाएको थियो। बारम्बार धर्मगुरुहरूले येशूलाई अनेकौं झुठा आरोपहरू लगाएका थिए तर उहाँले केही नभनी ठाडै उभिनु भयो। येशूलाई आरोप लगाउने आरोपहरू र उहाँको बारेमा झुठो साक्षी दिनेहरू एक आपसमा नमिलेको मर्कूसले उल्लेख गर्दछन्।

आखिरमा केही गर्न नसकेर मूल पुजारी जुरुक्क उठ्छन् र येशूलाई सिधै सोध्छन्। पहिलो आरोपमा येशूले जवाफ दिन्नुहुन्न। तर परमेश्वरको अगाडि मूल पुजारीले कसम खाएर येशूलाई प्रश्न गर्दा उहाँले वाध्य भएर जवाफ दिनुहुन्छ (मत्ती २६:६३)। यदि उहाँ परमेश्वरको पुत्र मसीह हो कि भनेर सिधै त्यस पुजारीले सोध्छन्। येशूले आफू मसीह हुँ भनेर उहाँले ठाडै जवाफ दिनुहुन्छ। अनि उहाँले दानिएल ७:१३,१४मा बताएको अनुसार मानिसको पुत्र परमेश्वरको दायाँ हातमा बसेको र आकाशको बादलबाट आइरहेको तिनीहरूले देख्नेछन् भनेर जिकिर गर्नुभयो। यो त मूल पुजारीको निम्ति अचाक्ली नै भएको थियो। उनले येशूको त्यो पहिचानलाई पचाउनै सकेनन्। उनले आफ्नो वस्त्र च्याट्छन् र येशूलाई दोष लगाउँछन्। धार्मिक सभासदले उनको फैसलालाई तुरन्तै अनुमोदन गर्दछ। अगुवाहरूले येशूलाई थुकेर बेइज्जत गर्छन्। उहाँको अनुहार ढाक्छन् र पिट्छन्। ल त भविष्यवाणी बोल भनेर तिनीहरूले उहाँको खिसी गर्छन्।

जब धार्मिक परिषदमा येशूले मुद्दा खपेर आफ्नो सत्य गवाही दिइरहनुभएको समयमा पत्रुस बाहिर बसेर उहाँलाई चिनेकै छैन भनेर झुठ बोल्छन्। यो छैठौं र अन्तिम सान्डबिच कथा मर्कूसले लेख्दछन्। एउटा घट्ना भइरहेको बेलामा अर्को घट्ना लेख्छन् र फेरि पहिलेकै घट्ना आएर कथालाई अन्त्य गर्छन्। यहाँ जे भइरहेको छ त्यो व्यङ्गात्मक छ। दुई समान पात्रहरू, येशू र पत्रुस, विपरित भूमिका खेलिरहेका थिए। येशूले आफ्नो बफादारी साक्षी दिनुहुन्छ भने पत्रुसले झुठो। पत्रुसलाई ती पटक नोकर र बटुवाहरूले उनी पनि येशूसँग थिए भनेर केरेका थिए। तीनै पटक आफू

येशूसँग सरिक नभएको सुनाउँछन्। यसो गर्दा उनले किरिया पनि खान्छन् र मुख पनि छोड्छन्।

यसै समय भाले बास्छ। दोस्रो पल्ट भाले बास्दा येशूले भविष्यवाणी गर्नुभएको उनले अचानक सम्झन्छन्। दुई पल्ट भाले बास्नुभन्दा अघि उनले त्यही रात तीनपल्ट येशूलाई चिनेको छैन भनेर बताउनेछ भनेर येशूले भविष्यवाणी गर्नुभएको थियो। अनि यो सम्झेर उनी डाँको छोडेर धुरुधुरु रुँछन्। यहाँ त व्यङ्गात्मक छ। येशूको विरुद्धमा मुद्दा चलाउँदा उहाँका आँखाहरूमा पट्टी बाँधेर "भविष्यवाणी बोल" भनेर आरोपितहरूले उहाँलाई धम्कि दिइरहेका थिए।कसले उहाँलाई पिटेर गिल्ला गर्दै थिए भनेर उहाँलाई थाहा थिएन। तर यसै समय धर्मसभासदको परिसरमा रहेर येशूलाई चिनेकै छैन भनेर किरिया खाइरहेका थिए। येशूले गर्नुभएको भविष्यवाणी त्यहीँ पूरा भइरहेको थियो। येशूलाई अस्वीकार गरिरहेकै बेलामा उहाँ मसीह हुनुहुन्छ भनेर पत्रुसले स्वीकार्न वाध्य भएको देखाइएको छ।

***येशूलाई पछ्याउने क्रममा कतिपय गलत काम गर्न पुग्दा निराश भएकोले तपाईंले के आशा दिलाउन सक्नुहुन्छ? हामीमा कतिले येशूको चाहना अनुसार काम गर्न नसकेको अनुभव गरिरहेका हुन्छौं?***

## उपसंहारः

**थप जानकारीः द डिजाएर अभ एजेज, पृ. ६९८-७२२को "बिफोर आननास एण्ड द कोर्ट अभ कायफास" र "जुडास्।"**

"जब पत्रुस घटिया भएर मुख छोड्दै येशूलाई चिनेकै छैन भनेर किरिया खाएका थियो, अनि भालेको "कुखरी काँ" भनेर निकालेको आवाजले पत्रुसको कानमा बजन पुगेको थियो। त्यसैबेला निधार खुम्चिएका धार्मिक न्यायधिसहरूका अनुहारहरूबाट फनक्क फर्केर बिचरा पत्रुसतिर हेर्नुलाई हेर्नुभयो। त्यसैबेला पत्रुसका आँखाहरू येशूतिर ताने। त्यस बेला येशूले उनलाई दयालु र मायालु आँखाले हेरिरहनुभएको थियो। उहाँको निधारमा उनी प्रति करुणा र दुःखित भएको उनले देखे। उहाँको अनुहारमा पत्रुस प्रति रिस थिएन।

"येशूको फिक्का, थकित, पीडाले भरिएको अनुहार र काँपी रहेका ओठहरू भएका येशूले क्षमाशील र करुणाको आँखाले पत्रुसलाई हेरिरहँदा उनको हृदयमा बाण हानेको जस्तो छेडेको थियो। उनको विवेकले उनलाई दोष लगाएको आभास उनले पाए। उनका सम्झनाहरू सक्रिय भए। केही घन्टा अघि मात्र आफू येशूसँग झ्यालखानामा जान र मृत्युसम्मै सहने भनेर

कबुल गरेको पत्रुसले सम्झे। मुक्तिदाताले माथिल्लो कोठामा खाना खाइरहेको बेलामा उनले त्यही रात तीनपल्ट अस्वीकार गर्नेछन् भनेर भविष्यवाणी बोल्नुभएको उनलाई झलझलती याद आयो। येशूलाई त चिनैंकै छैन भनेर भर्खर घोषणा गरेका थिए। अत्यन्तै तितो शोकले उनलाई याद भयो कि प्रभुले उनको स्वभाव कसरी चिन्नुभएको थियो। उहाँले उनको हृदय ठिकसँग पढ्नुभएको थियो। आफू कतिको झुठो रहेछ भनेर पत्रुसलाई थाहै थिएन।"-*द डिजाएर अभ एजेज,* पृ. ७१२, ७१३।

**चिन्तनमनन:**

अ. **मर्कूस १४:९मा स्त्रीको बारेमा सारा संसारमा वयान गर्नेछ भनेर उहाँले भविष्यवाणी गर्नुभएको थियो। त्यो पूरा भइरहेको छ। येशूले गर्नुभएको कतिपय भविष्यवाणीहरू त्यस समय असान्दर्भिक भएतापनि पूरा नै भइरहेका छन्। त्यस बारे हामीले के सोच्ने?**

आ. **यहूदा र पत्रुका चरित्रहरूको बारेमा तुलना गर्नुहोस् र तिनीहरूका विपरित स्वभावको बारेमा पनि सोच्नुहोस्। तिनीहरूमा के समान थिए र येशूको वेदना भइरहेको वर्णनमा तिनीहरू कसरी फरक भएको देखाएको छ?**

इ. **प्रभुभोजको अर्थ सोच्नुहोस्। हाम्रो चर्चमा र त्यसमा समावेश भएका सदस्यहरूलाई त्यस अवसर कसरी अर्थपूर्ण तरिकाले महसुस गराउन सक्छौं?**

ई. **गेतसमनेको बगैंचामा येशूको प्रार्थनालाई परमेश्वरले "अहँ" भन्नुभएको सोच्नुहोस्। हामीलाई नै परमेश्वरले "अहँ" भन्दा त्यसको अर्थ के भएको हामी पाउँछौं?**

उ. **येशूलाई चिनैंकै छैन भनेर उनी असफल येशूका चेला भएको पत्रुसले देखाएतापनि उहाँले उनलाई त्याग्नुभएको थिए। यस तथ्यबाट हामीले हाम्रो हृदयमा कस्तो आशा पल्हाउन सक्छौं?**

## कथा ११
## टोफुको बारेमा देखेको सपना पूरा हुन्छ, भाग ११

बाबुलाई पेट दुख्न थाल्यो। आमा र अनुशले बाबुले के खाने रहेछ भनेर चासो देखाउन थाले। अनुश शाकाहारी थिइन् र के स्वस्थ कुरा खानुपर्छ भनेर तालिम लिएकी जीववैज्ञानिक थिइन्। तर घरमा स्वस्थ बनाउने खाना परिकार तयार हुँदैनथ्यो। आमा र अनुशले खानामा धेरै जसो शाकाहारी परिकार बनाएर बाबुलाई ख्वाउन थाले। अनि बाबुको पेटको समस्या हरायो।

बाबुले अर्को सपना देखे। उनले आफ्ना गराजमा चहकिलो उज्यालो देखे। त्यो यस्तो चम्किलो थियो कि उनको आँखानै तिर्मिराउन थालेको थियो। "नडराऊ, बाल्टिनमा बिऊ भर र त्यसलाई रोप," त्यस उज्यालोबाट आएको आवाजले भन्यो।

अनि स्टिलको टेबुलनिर बिऊको बाल्टिन बाबुले देखे। तर सपनामा सुनेको आवाजको अर्थ उनलाई लागेन। उनी विश्वविद्यालयमा अध्ययन गर्दा कृषी वैज्ञानिक हुन तालिम पाएका थिए। उनलाई बिरुवाहरूको बारेमा राम्रै थाहा थियो। स्टिलमा बिऊ उम्रिन्दैन भन्ने उनलाई थाहा थियो। बिऊ त माटो भएको जमिनमा पो गाड्नुपर्थ्यो उनले सोचे, तर "मैले जे भनेँ त्यही गर," भनेर आवाज उनको कानमा बज्यो। त्यो बिऊ टेबुलमा छरे। उनले फेरि एक दिनपछिको सपनामा यो देखेकि टेबुलमा नै तिन इन्च बिऊहरू राम्रोसँग उम्रिरहेको उनले देखे। उनी चकित भए। "कसरी स्टिलको टेबुलमा बिऊ उम्रिन्छ? के भइरहेको छ?" सोचे।

"तिमीले ती हरियो जराहरूलाई उखेलेर बेच," सपनामा नै त्यस आवाजले भन्यो।

आफ्ना परिवारलाई बाबुले त्यो सपनाको बारेमा बताए। अनुशले ध्यान दिएर सुने। बाबुले टोफु बनाऊ भनेर परमेश्वरले भन्नुभएको हो कि भनेर उनले सोचिन्। अर्मानियमा टोफु बनाउने कुनै पनि कम्पनी थिए। बाबु कृषी तालिम लिएर सानो व्यापारी भएका थिए। बाबुले टोफु बनाउन सक्नुहुन्छ भन्ने कुरामा अनुश निश्चित थिइन्। तर उनले सपनाको बारेमा व्याख्या गरेर बाबुलाई सुनाउन चाहिनन्। बाबुले परमेश्वरकै आवाज सिधै सुनोस् भनेर उनले प्रार्थना गर्न थालिन्।

एकदिन अनुशले युक्रेनमा भएको मेडिकल मिसिनेरी सभामा सहभागी भइन्। जब ३०० जना सहभागीहरूले उनको बाबुको सपनाको बारे सुने तब तिनीहरूले धेरै चासो देखाए। यो सन् १९१९को कुरो हो। युक्रेनमा एडभेन्टिस्टहरूले टोफु उत्पादन गर्ने र स्वस्थ जीवनशैलीका खाद्य पदार्थहरू बेच्ने पसलहरू खोलेका थिए। जब सभाको आयोजकले अनुशका बुबालाई टोफु बनाउन कसले सिकाउन चाहन्छ भनेर सोध्दा सबैले हातहरू उठाए।

दुई महिना पछि बाबुले युक्रेनमा जान हवाइ जहाजको टिकट किने। अब्राहम र सारा जस्तै आफू कहाँ जाने हो सो थाहै नपाइ तिनीहरूले घर छोडे। सबै थोक परमेश्वरले मिलाउनुभएको थियो। मेडिकल मिसिनेरी कार्यक्रममा भाग लिने मिसिनेरीहरूले बाबुलाई एयरपोर्टमा लिन गए। बाबु र आमा तिनीहरूसँग बसे र तिनीहरूले एडभेन्टिस्ट हेल्थ फुड र टोफु कारखानामा दश दिनसम्म हेर्न गए। येशूभक्तहरू पैसाको लागि मात्र होइन परमेश्वरको महिमाको निम्ति पनि काम गर्दो रहेछ भनेर उनले महसुस गरे। बाबु अत्यन्तै प्रभावित भए। तिनीहरू आफ्नो देश आर्मेनियामा गएर पहिलो टोफु उत्पादन गर्ने कारखाना खोले।

अनुश आनन्दले बिभोर भइन्। आफू शाकाहारी भएकोमा चर्चमा नै जान मनाही गर्ने बाबुले आफ्नै छोरीको शाकाहारी जीवनशैलीलाई प्रयोग गरेर टोफु उत्पादन गरेर बेच्दै मानिसहरूलाई शाकाहारी हुन उत्साह दिइरहेका थिए। यसले उनलाई चकित पारिरहेको थियो।